स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिमप्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८२-०८३
च.नं. सु.प. ५४ (सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई)

मिती २०८२/१२/३०

## व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी अत्यन्य जरुरी सुचना।

नेपाल सरकार गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबारको आयोजना र यस गाउँपालिकको समन्वयमा **मिती २०८३ बैशाख १गते देखि ७ गतेसम्म** व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन हुने हुदाँ यस अपिहिमाल गाउँपालिकाका सम्पुर्ण वडाहरुमा समेत व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म,मृत्यु ,बसाईसराई,विवाह,सम्बन्ध बिच्छेद दर्ता जस्ता व्यक्तिगत घटना दर्ता गर्न छुट भएका सम्पुर्ण सेवाग्राहीहरुले तोकिएको समयमा आ-आफ्नो वडा कार्यालयमा गई अनिवार्य व्यक्तिगत घटना दर्ता गर्नु/गराउनुहुन अनुरोध छ। साथै योग्यता पुगेका लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि विवरण दर्ता समेत गराउन सकिनेछ।

नभुल्नुहोस् है
व्यक्तिगत घटना दर्ता सप्ताह
बैशाख १ देखि ७ गते सम्म, देशैभरी

नि. प्रमुख प्रशासकीय अधिकृत

"व्यक्तिगत घटना दर्ता गर्न गराउनु सबै नागरकको कर्तव्य हो"

व्तक्तिगत घटना घटेको ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गरौ। जिम्मेवार नागरिकको परिचय दिऔ।

थप जानकारी को लागि सम्बन्धित वडाकार्यालय,राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तथा अपिहिमाल गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाईमा सम्पर्क गर्नुहोस्।